

"पाँचौं दशकमा सामुदायिक वनः दिगो विकास, समृद्धि र सुशासन"

# सामुदायिक वनको सातौं राष्ट्रिय गोष्ठी

२८-३० फागुन, २०७६

काठमाडौं, नेपाल


नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाडौं ।

# पृष्ठभूमि

नेपालमा सामुदायिक वन कार्यक्रमको सफल कार्यान्वयनबाट वनको हैसियत, जैविक विविधता एवं पारिस्थितिकीय प्रणालीमा सुधारका साथै स्थानीय संस्थाहरुको सुदृढीकरण तथा ग्रामीण जीवनस्तर सुधारमा उल्लेख्य योगदान पुगेको छ । यी सफलताहरूको कारण नेपालको सामुदायिक वनले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा समेत ख्याति पाएको छ । हालसम्म देशका २९,०७,८५१ घरधुरी २२,२६६ सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध भई देशको २२,३७,६७१ हेक्टर राष्ट्रिय वनक्षेत्र व्यवस्थापन गर्दै आएका छन् ।

वि.सं २०४४ देखि प्रत्येक पाँच वर्षको अन्तरालमा सरोकारवालाहरूको बृहत् सहभागितामा सामुदायिक वनको राष्ट्रिय गोष्ठीहरू सञ्चालन हुँदै आएका छन् । सम्पन्न भएका गोष्ठीहरूले सामुदायिक वन सम्बन्धी प्रकृयाको पुनरावलोकन गरी नीति, रणनीति एवं कार्यक्रमलाई दिशानिर्देश गरे । विगतका गोष्ठीहरूका नारा तथा विषयगत क्षेत्रहरू (Thematic areas) ले बदलिंदो आर्थिक-सामाजिक परिवेशमा उपभोक्ता समूहका परिवर्तित प्राथमिकता र सामुदायिक वनको भूमिकालाई समेत समेट्दै आएको पाइन्छ ।

प्रथम राष्ट्रिय गोष्ठी (२०४४) उपभोक्ता समूहलाई कानूनी वैधता प्रदान गर्ने सम्बन्धमा केन्द्रित रही सामुदायिक वन कार्यक्रमलाई वन विकास गुरूयोजना (२०४६) मा प्राथमिकता निर्धारण गर्न र वन ऐन २०४९ को तर्जुमा गर्न योगदान पुऱ्यायो । वि.सं २०४९ मा सम्पन्न दोश्रो गोष्ठी वन प्रशासनको पुनर्संरचना, मानव स्रोत विकास, सहभागितामूलक योजना पद्दति, सामुदायिक वन उपभोक्ता समूहको सञ्जालीकरण तथा जनशक्ति विकासमा केन्द्रित रह्यो र यसले वन नियमावली २०५१ तयार गर्न महत्वपूर्ण सहयोग पुऱ्यायो । तेश्रो गोष्ठी (२०५५) ले सामुदायिक वनको संस्थागत क्षमता; वन, वातावरण र जैविक विविधता; सामुदायिक स्रोत व्यवस्थापन; र सामाजिक, राजनैतिक र सांस्कृतिक जस्ता चारवटा क्षेत्रहरू निर्धारण गर्दै सोका साझा परिकल्पनाहरू विकास गर्नुका साथै सो प्राप्तिका लागि सरोकारवालाका भूमिका समेत निर्धारण गऱ्यो । वि.सं २०६१ मा आयोजित अर्को गोष्ठीले दिगो वन व्यवस्थापन, जीविकोपार्जन र सुशासन जस्ता दोश्रो पुस्ताका सवालहरू मार्फत सहस्राब्दी विकास लक्ष्यमा टेवा पुऱ्याउन सकिने कुरालाई औंल्यायो । पाँचौं गोष्ठी (२०६५) मा समसामयिक सवालहरू: वातावरणीय सेवा, आर्थिक योगदान र सुशासन पहिचान गर्दै सामुदायिक वन कार्यक्रम मार्फत वन क्षेत्रको रूपान्तरणमा छलफल केन्द्रित रहेको थियो भने छैटौं गोष्ठी (२०७१) आर्थिक विकास, उद्यम र रोजगारी सिर्जना; वातावरणीय सेवा र जैविक विविधता; वन, कृषि/खेती तथा खाद्य सुरक्षा; स्वामित्व, सुशासन र नीति जस्ता विषयगत क्षेत्रहरू मार्फत दिगो विकासमा लक्षित थियो ।

नेपालको संविधान (२०७२) लागू भए पश्चात सामुदायिक वन सम्बन्धी जिम्मेवारी संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारमा विभाजन भएको छ । साथै बसाइँसराइ, ग्रामीण जीवनशैलीमा परिवर्तन, वन पैदावार र सेवाका अवसरहरूको विस्तार, जलवायु परिवर्तनको बढ्दो प्रभाव, दिगो विकासका लक्ष्य जस्ता विषयवस्तुहरू सामुदायिक वन कार्यक्रमका नवीन चुनौती र अवसरका रूपमा देखिएका छन् । हालको परिवर्तित राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा “समृद्ध नेपाल, सुखी नेपाली” को राष्ट्रिय सोच परिपूर्तिमा सामुदायिक वनको समसामयिक सवाल र अवसरहरूका बारेमा छलफल केन्द्रित हुनेछ । साथै पाँच दशकको गौरवमय इतिहास बोकेको सामुदायिक वन कार्यक्रम कार्यान्वयनको क्रममा देखिएका चुनौती र अवसरहरूको पहिचान गरी समृद्धि प्राप्त गर्न रणनीतिक मार्गनिर्देश गर्न गोष्ठी लक्षित रहनेछ ।

## उद्देश्यहरू

"समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोचका लागि सवै सरोकारवालाबीच नीतिगत/कानूनी, संरचनागत, व्यवस्थापकीय, आर्थिक, प्राविधिक एवं सुशासनका विभिन्न पक्षहरूको साझा बुझाइको विकास गर्नु गोष्ठीको समग्र उद्देश्य रहेको छ भने निम्नानुसारका तीनवटा निर्दिष्ट उद्देश्यहरू रहेका छन् :

१. सामुदायिक वन कार्यक्रमका पाँच दशकका उपलब्धिका पुनरावलोकन र समीक्षा गर्ने;
२. सामुदायिक वन कार्यक्रमका मौजुदा नीतिगत तथा कार्यक्रमगत अवसर र चुनौतीहरूको पहिचान र प्राथमिकीकरण गर्ने;
३. संघीय परिप्रेक्ष्यमा सामाजिक, वातावरणीय र आर्थिक दिगोपन अभिवृद्धि गरी समृद्धिका लागि रणनीतिक दिशा तय गर्ने ।

## विषयगत क्षेत्रहरू

गोष्ठीमा प्रस्तुत हुने कार्यपत्रहरूलाई तीनवटा मुख्य विषयगत क्षेत्रहरू र अन्तर्गतका विभिन्न सहायक विषयगत क्षेत्रहरूमा विभाजन गरिएको छ । उक्त मुख्य र सहायक विषयगत क्षेत्रहरू अन्तरसम्बन्धित छन् । साथै गोष्ठीका नारासँग सम्बन्धित अन्य सिर्जनात्मक लेखहरू समेत समावेश गर्न सकिनेछ ।

### १ | दिगो विकास

- सामुदायिक वन विकास र दिगो विकासका लक्ष्यहरू
- जलवायु उत्थानशील (Climate resilient) वन व्यवस्थापन
- विकास निर्माण कार्यक्रम र वातावरणीय सुरक्षा
- REDD+ र जलाधार व्यवस्थापनमा सामुदायिक वनको भूमिका
- वन स्वास्थ्य (वन डढेलो, मिचाहा प्रजाति, रोग/किरा आदि)
- सामुदायिक वनको यात्रा: नीति, संस्थागत संरचना र अभ्यास

### २| समृद्धि

- रोजगारी सिर्जना र स्थानीय एवं राष्ट्रिय अर्थतन्त्रमा सामुदायिक वनको भूमिका
- वन पैदावार र उत्पादकत्व (काष्ठ तथा गैरकाष्ठ वन पैदावार)
- वन पैदावार र वन सेवाको व्यापार (बजारीकरण, मूल्य श्रृंखला, प्रमाणीकरण, वातावरणीय सेवा भुक्तानी)
- वन उद्यम र उद्योग (काष्ठ, गैरकाष्ठ, पर्यापर्यटन, वन्यजन्तु पालन, कृषिवन)
- बसाँइसराइ, ग्रामीण परिवेशमा परिवर्तन र वन-जनता (Forest-People) अन्तर सम्बन्धमा सामुदायिक वन

### ३ | सुशासन

- संघीयतामा सामुदायिक वन
- सामुदायिक वनका संस्थाहरूमा सुशासन
- बहु-सरोकारवाला अन्तरसम्बन्ध क्षमता अभिबृद्धि र सेवा प्रवाह
- राजस्व बाँडफाँट र परिचालन
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण
- मानव-वन्यजन्तु द्वन्द्व र सहअस्तित्व

गोष्ठीमा नीतिनिर्माता, सरकारी कर्मचारी, गैरसरकारी संघ संस्थाका प्रतितिधि, विज्ञहरू एवं सामुदायिक वन समूहका प्रतिनिधिहरू समेत गरी २५० जनाभन्दा बढीको सहभागिता रहनेछ । साथै विषयगत क्षेत्रका समष्टीगत प्रस्तुति (Thematic papers), समूहगत छलफल र पोस्टर प्रदर्शनी जस्ता कार्यक्रम सञ्चालन हुनेछन् ।

## सारांश (Abstract) तथा पूर्ण कार्यपत्र आह्वान

कार्यपत्र प्रस्तुत गर्न चाहनेले फागुन ९, २०७६ भित्रमा सारांश वन तथा भू-संरक्षण विभागको ई-मेल (dofsc.gov@gmail.com) मा आइपुग्ने गरी पठाउनुपर्नेछ। प्राप्त सारांशहरूको प्राविधिक समितिद्वारा मूल्याङ्कन गरी उपयुक्त देखिएकाको हकमा फागुन २० भित्र पूर्ण कार्यपत्र पेश गर्न अनुरोध गरिनेछ । यसरी प्राप्त कार्यपत्रहरूमध्ये छनौट भएका उत्कृष्ट कार्यपत्रहरू गोष्ठीको प्रतिवेदनमा समेत प्रकाशन गरिनेछ ।

## सहभागी नाम दर्ता

गोष्ठीमा सहभागी हुन चाहने सामुदायिक वनसँग सम्बन्धित व्यक्ति वा संस्थाहरूले गोष्ठीमा सहभागिताको लागि फागुन १० सम्ममा आवेदन दिनुपर्नेछ। नामदर्ताको फारम गोष्ठीको सचिवालय वेभसाइट (www.dofsc.gov.np) मा उपलब्ध छ। छानिएका सहभागीहरूलाई फागुन १५ सम्ममा जानकारी गराइनेछ।

## गोष्ठीको मिति र स्थान

मितिः २८ देखि ३० फागुन, २०७६ | स्थानः काठमाडौं

## सम्पर्क

श्री माधुरी कार्की (थापा)
सम्पर्क नः ९८५१०७६४७८
ई-मेलः madhureethapa@gmail.com

श्री नविन श्रेष्ठ
सम्पर्क नः ९८४५४०८१५५
ई-मेलः nabinshrestha237@gmail.com

